# फलेवास नगरपालिका, खानीगाउँ, पर्वत

## नगर कार्यपालिकाको बैठक

२०७९।०६।१४

<u>निर्णयहरू</u>

१. यस वर्षका नेपालीहरूका महान चाडहरू वडा दशैं, तिहार, छठ, ल्होसार, नेपाल सम्वत् समेत अन्य चाडहरूको अवसरमा सबै फलेवास नगरका आम दाजुभाइ दिदिवहिनीहरू समेत नेपाल भित्र र विदेशमा रहेका सबै नेपाली महानुभावहरूलाई हार्दिक शुभकामना व्यक्त गर्ने ।

२. वडा दशैंको अवसरमा पूजा अर्चना गर्नको लागि यस नगरपालिका वडा २ र ३ मा रहेको भुमेकोट संरक्षण संभार व्यवस्थापन समितिलाई रूपैयाँ असी हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

३. फलेवास नगरपालिका क्षेत्र अन्तर्गत रहेका देहायका प्रहरी चौकीहरूलाई शान्ति सुरक्षा व्यवस्थापन र दशैंको अवसरमा मौला पूजा गर्न देहाय बमोजिम आर्थिक सहयोग गर्ने ।

<u>देहाय</u>

क) कार्कीनेटा प्रहरी चौकीः रूपैयाँ बीस हजार

ख) भंगरा प्रहरी चौकीः रूपैयाँ पन्ध्र हजार

ग) फलेवास प्रहरी चौकीः रूपैयाँ बीस हजार

घ) अस्थायी प्रहरी चौकी फलेवासः रूपैयाँ बीस हजार

ङ) बाच्छा प्रहरी चौकी पर्वतः रूपैयाँ दश हजार

४. दशै मर्मत अन्तर्गत फलेवास नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूमा भएको सडक मर्मत सम्भारमा यसै नगरपालिकाका मेसीनहरूले गरेको इन्धनको खर्च प्राविधिकको बील बमोजिम रूपैया छ लाख तेइस हजार नौ सय सतासी श्री पर्वत आयल स्टोर्स, कुश्मालाई भुक्तानी दिने ।

५. यस नगरपालिकाको विपद् व्यवस्थापनको लागि विभिन्न समयमा खरिद भई वितरण भएका पाइप जालीहरूको नियमानुसार भरपाइ समेतका कागजातहरूको आधारमा ब्रदर्श हार्डवेयर र ब्रदर्श हार्डवेयर एण्ड सप्लायर्स कुश्मालाई रूपैयाँ दश लाख छयासी हजार तीन सय छयाली भुक्तानी दिने ।

६. यस नगरपालिकाको संस्कृति संरक्षणको लागि नगरपालिकाले विगत वर्षमै गरेको सम्झौता बमोजिम सम्झौता बमोजिमको काम गर्नको लागि आवश्यक भएमा पेश्की समेत दिने गरी रूपैयाँ दुई लाख पचास हजार भुक्तानी दिने। (विमला चौतारीलाई)

७. जिल्ला प्रहरी कार्यालय पर्वतले यस कार्यालयमा उसको भवन निर्माण र मर्मतका लागि बजेट माग भई आएकोमा अन्तिम लेखापरीक्षण तहाँबाटै हुने गरी जिल्ला प्रहरी कार्यालय, पर्वतलाई रूपैयाँ एक लाख वित्तीय हस्तान्तरण गरी सो रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, पर्वतको विविध खर्च खातामा पठाउने ।

२०७९/६/१४